- यस रोगबाट बचाउनका लागि तीन महिना उमेर पुगेका सम्पूर्ण स्वस्थ भेडा बाख्तालाई प्रत्येक दुई वर्षमा यस रोगविरूद्ध खोप लगाउनु पर्दछ ।
- यस रोग विरूद्धको खोप पशु सेवा विभाग अर्न्तगतको केन्दीय जैविकी उत्पादन प्रयोगशाला, त्रिपुरेश्वरद्वारा उत्पादन गरी निःशुल्क वितरण हुने गरेको छ । यस रोगको खोप ५० र १०० मात्राको फ्रिजड्राइड भाएलमा उपलब्ध छ । वयस्क बाख्ता र ३ महिना उमेर पुगेका पाठापाठीलाई एक एम.एल. का दरले छालामुनी खोप लगाउन सकिन्छ ।
- खोप लगाएको बाख्तालाई कम्तीमा एक वर्ष र बढिमा ३ वर्षसम्म यस रोगबाट बचाउँछ तर बारम्बार रोग फैलिरहने क्षेत्रमा प्रत्येक १ वा २ वर्षको अवधिमा खोप दोहोराउन वेश हुन्छ ।
- गोठमा नयाँ बाख्ता ल्याउनु पर्ने भएमा यस रोग विरूद्ध खोप लगाएर मात्र ल्याउनु पर्दछ । अथवा ३ हप्तासम्म अलग्गै राखी पि.पि.आर. विरूद्ध खोप लगाएर मात्र बथानमा मिसाउनु पर्दछ ।
- यस रोगको उपचार नभए तापनि एन्टिबायोटिक्सको प्रयोगले अन्य प्रकारका थप संक्रमण हुनबाट बाख्तालाई बचाउँछ ।
- रोग अति तिक्ष्ण र जटिल नभएको अवस्थामा लक्षण देखा परेको ८ देखि १० दिनपछि रोगी बाख्ताहरू निको हुन सक्छन् र यसरी निको भएपछि जीवनभरी यो रोग लाग्दैन ।

याद राख्नुपर्ने कुराहरू

- पि.पि.आर. एउटा महामारी रोग भएकोले चाँडै फैलिने हुन्छ ।
- यो रोग लागिसकेपछि कृषकले धेरै नोक्सानी व्यहोर्नु पर्ने हुन्छ ।
- बाहिरबाट बाख्ता खरिद गरी ल्याउँदा रोग भित्रिने खतरा हुन्छ ।
- बाख्तालाई रोगबाट बचाउन यस रोगविरूद्ध खोप लगाउनु पर्दछ ।

विभिन्न प्रकारका रोग विरुद्ध दिइने खोपका नाम र मात्रा

महिना	रोग	मात्रा/प्रति वयस्क बाख्ता	मात्रा पाठापाठी
जनवरी-फरवरी (माघ)	सि.पि.पि.	०.२ मि.लि.	०.२ मि.लि. (छालामा सुई दिने)
फरवरी-मार्च (फागुन)	पि.पि.आर.	१.० मि.लि. (मासु वा छालामा सुई दिने)	१.० मि.लि. (मासु वा छालामा सुई दिने)
मार्च-अप्रिल (चैत्र)	विफर (pox)	सुईको प्रयोग गरी नरम मासुमा सुई लगाउने	सुईको प्रयोग गरी नरम मासुमा सुई लगाउने
अप्रिल-मे (बैशाख)	इन्टेरोटोक्सेमिया	५ मि.लि. (छालामा सुई लगाउने	२.५ मि.लि. (छालामा सुई लगाउने)
अप्रिल-मे (बैशाख)	खोरेत (FMD)	२ मि.लि. छालामा सुई	१ मि.लि. छालामा सुई लगाउने

बाख्तामा लाग्ने पि.पि.आर. रो
र यसबाट बचाउने उपाय

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजन
परियोजना कार्यान्वयन एकाइ
दाङ

बाखामा लाग्ने रोगहरूमध्ये पि.पि.आर. रोग
ा विषाणुबाट लाग्ने अत्यन्त सङ्क्रामक महामारी रोग
भेडाबाखामा लाग्ने तर बाखामा बढी असर गर्ने यो
नेपालमा सन् १९९४ मा सर्वप्रथम देखापरेको थियो ।
रोगका मुख्य लक्षणहरूमा बाखालाई ज्वरो आउने,
मुखभित्र घाउ हुने र अन्त्यमा निमोनिया भएर
हुन्छन् । रोग नभित्रिएको क्षेत्रका बाखामा यो रोग
एमा सबै भेडाबाखामा रोग लाग्ने र २० देखि ९०
शतसम्म बाखाहरू मर्न सक्छन् । तीन महिनादेखि दुई
ो उमेरभित्रका बाखामा यो रोगले बढी असर गर्दछ ।
समा यस रोगको संक्रमण हुँदैन ।

.पि.आर. रोग लागेका बाखामा अचानक निम्न लक्षणहरू देखिन्छन् ।

- नाकबाट सिँगान बग्ने,
- ज्वरो आउने,
- आहारा नखाने र
- झोक्राउने ।

रोग बढ्दै जाँदा निम्नलिखित थप लक्षणहरू देखिन्छन् ।

- पहँलो रङ्गको बाक्लो सिँगानले नाक टालिने, पाप्रा जम्ने र श्वाँस लिन गाह्रो हुने,
- आँखामा अत्यधिक संक्रमण हुने,



मुखभित्र घाउ भएको

- मुखभित्रका तन्तु र अङ्ग सुन्निने,
- तल्लो र माथिल्लो गिँजामा, जिब्रोमा, जिब्रोमाथिको तालु र गालामा घाऊ हुन्छ,
- अतिसार भएर जलवियोजन हुने र तौल घट्ने हुन्छ,
- रोगी बाखाहरूमा ज्वरो ५-७ दिनसम्म रहने हुन्छ र गर्भिणी बाखा तुहिन सक्छ,
- ज्वरो आएको तीनदेखि आठ दिनभित्र रोगी बाखा मर्ने हुन्छन्,
- विषाणुबाट संक्रमण भएको ४ देखि ६ दिनपछि बाखामा यस रोगका लक्षणहरू देखापर्न थाल्दछ,
- सुरूमा १०४ देखि १०६ डिग्री सेल्सियससम्म ज्वरो आउने, थुतुनो सुख्खा हुने, झोक्रिने, आहारा नखाने, आँखामा कचेरा लाग्ने, आँखा रातो हुने र आँसु बग्ने र च्याल काढ्ने र छेर्ने हुन्छन्,
- बाक्लो पहेंलो सिँगानले नाक बन्द भई रोगी बाखालाई श्वास लिन गाह्रो हुन्छ । ज्वरो आएको २ देखि ३ दिनपछि तल्लो गिँजा र ओठमा घाउहरू देखिन थाल्छन् र रोगको आक्रमण भएको केही समयमा नै मुखका सबै भागहरूमा घाउ देखिन्छ,
- ज्वरो आएको २ देखि ४ दिनमा गाढा कालो, पातलो रगत मिसिएको छेरौटी सुरू हुन्छ र शरीरमा पानीको अत्यन्त कमी हुन्छ,



सिँगानले नाक टालिएको र संक्रमण भएको

- रोगी बाखामध्ये केहीमा श्वासप्रश्वासको समस्या, मुखभित्र घाउ भएको सिँगानले नाक टालिएको र आँखामा संक्रमण भएको खोकी र निमोनियाको लक्षण देखिन्छ,
- केही दिनपछि ज्वरो घटे पनि रोगी बाखाहरू दुब्लाउँदै जाने र आहारा नखाने भई संक्रमण भएको ७ देखि १४ दिनमा मर्न सक्छन्,
- रोग लागेका वयस्क बाखाका तुलनामा पाठापाठीमा मृत्युदर बढी हुने गर्दछ ।

पि.पि.आर. रोग सर्ने माध्यम

यो रोग फैलिनका लागि रोगी र निरोगी बाखाहरूबीच सोझै सम्पर्क भएमा विषाणुहरू सर्ने हुन्छन् । विषाणुहरू निम्नलिखित माध्यमबाट सर्ने हुन्छन् ।

- रोगी बाखाको जुतोबाट,
- रोगी बाखाको नाकबाट निस्कने सिँगानबाट,
- आँखाबाट निस्कने आँसुको माध्यमबाट,
- रोगी बाखाले खोक्दा र हाच्छिउँ गर्दा हावामा मिसिने मसिना कणहरूमा भएका विषाणुबाट संक्रमण फैलिने हुन्छ,
- यसका साथै खाने पानी, दानाको डुँड र प्रयोग गरिएको सोत्तर पनि विषाणुबाट संक्रमित भई संक्रमण फैलिने हुन्छ ।

पि.पि.आर. रोगको रोकथाम र उपचार

- रोगी बाखाको शरीरबाट निस्कने आँसु, सिँगान र मलमूत्रमा यस रोगका विषाणुहरू प्रसस्त मात्रामा रहेका हुन्छन् त्यसैले रोगको संक्रमण फैलिन नदिन रोगी बाखालाई बथानबाट अलग्गै राख्नुपर्दछ ।
- पि.पि.आर. रोगले मरेका पशुलाई गाड्नु वा जलाउनुका साथै रोगी बाखासँग लसपस भएका सरसामानहरू जलाउनु वा गाड्नु पर्दछ ।